# राष्ट्रिय क्षयरोग कार्यक्रम सञ्चालन निर्देशिका

## (प्रदेश स्तर)

## आ.व. २०७४/७५

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
राष्ट्रिय क्षयरोग केन्द्र
ठिमि,भक्तपुर

फोन नं. : २६२९८७
२६२५९०
२६२८०२
२६२७०६
२६२९३५
२६२८६२

नेपाल सरकार

# स्वास्थ्य मन्त्रालय

रामशाहपथ, काठमाण्डौं नेपाल

प.सं.
च.नं.

## मन्तव्य

विद्यमान जनस्वास्थ्यका विभिन्न चूनौतीहरु मध्ये एउटा प्रमुख चूनौती क्षयरोग नियन्त्रण गर्नु हो । स्वास्थ्य मन्त्रालयबाट सञ्चालित प्रमुख कार्यक्रमहरु मध्ये राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम एउटा प्राथमिकता प्राप्त (P1) कार्यक्रम हो । विश्वव्यापि रुपमा क्षयरोगलाई नियन्त्रण गर्न लिइएको "End TB Strategy" लाई नै मध्य नजर राखी हालसालै स्वास्थ्य मन्त्रालयले क्षयरोगको ५ वर्षे दीर्घकालीन रणनीतिक योजना (National Strategic Plan, 2016-2021) लाई अनुमोदन गरेको छ । उक्त योजनाले सबै क्षयरोगी पत्ता लगाउने र औषधी प्रतिरोधी क्षयरोगीको उचित व्यवस्थापन गर्ने प्रमुख लक्ष्य लिएको छ। क्षयरोगका प्रमुख समस्याहरुलाई समाधान गर्न स्वास्थ्य मन्त्रालय निरन्तर लागि परेको छ । सोही अनुरुप विद्यमान समस्याहरुलाई न्यूनिकरण गर्न राष्ट्रिय क्षयरोग केन्द्र मार्फत गाउँपालिका/ नगरपालिका, जिल्लास्तर, प्रादेशिकस्तर र केन्द्रस्तरबाट विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका छन् ।

अत: यस निर्देशिकाले तोकिए अनुसार कार्यक्रम सञ्चालन गर्न गराउनका लागि जानकारी गराउँदछु । अन्तमा निर्देशिका तयार गर्न नेतृत्व गर्नुहुने राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा.केदार नरसिंह के.सी.र संलग्न सबै महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु ।

.......................
डा.किरण रेग्मी
सचिव

फोन न. : ०१- ४२६१७१
फ्याक्स : ०१- ४२६२२३

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
पचली, टेकु, काठमाण्डौं

प.सं.
च.नं.

**मन्तव्य**

जनस्वास्थ्य समस्याका रुपमा बिद्यमान क्षयरोग नियन्त्रणलाई सन २०५० सम्म नेपालबाट अन्त्य गर्न नेपाल सरकार कटिबद्ध छ । समुदायमा लुकेर बसेका क्षयरोगका शंकास्पद क्षयरोगका बिरामीलाई समयमा निदान गरी उपचारको दायरामा नल्याए सम्म नेपालबाट क्षयरोग अन्त्य गर्ने सरकारको लक्ष्य पुरा हुन सक्ने सम्भावना देखिदैन । साथै पत्ता लागेका क्षयरोगका बिरामीहरुमा सिर्जित हुने विभिन्न समस्या तथा कारणहरुले औषधि प्रतिरोधी भई क्षयरोग अन्त्य गर्नु थप चूनौतिपूर्ण भएको छ । समुदायमा लुकेर बसेका शंकास्पद क्षयरोगका बिरामीहरुलाई समयमै पत्ता लगाई उपचार पुरा गराउन जरुरी भएकोले नेपाल सरकारले आ.ब. २०७४/७५ को कार्यक्रम तथा बजेटमा राष्ट्रिय क्षयरोग केन्द्रको नेतृत्वमा क्षेत्रिय / उप क्षेत्रिय अस्पताल, अञ्चल अस्पताल, स्वास्थ्य विज्ञान प्रतिष्ठान, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तहबाट सम्पादन हुने गरी क्षयरोग उपचार व्यवस्थापन सम्बन्धी विभिन्न क्रियाकपालहरु समावेश गरेको छ । समावेश गरिएका क्रियाकपलापहरु सम्पादनमा सहजीकरण गर्न राष्ट्रिय क्षयरोग केन्द्रले कार्यक्रम सञ्चालन निर्देशिका २०७४/७५ तयार गरेको छ । यस निर्देशिकाले क्षयरोग नियन्त्रणका लागि आ.ब.२०७४/७५ को कार्यक्रम तथा बजेट समावेश गरिएका क्रियाकलाप सञ्चालनमा कार्यान्वयन गर्ने निकायलाई सहजिकरण हुने विश्वास लिएको छ ।

निर्देशिकाले निर्दिष्ट गरे अनुसार कार्यकमहरु संचालन गर्न/गराउन हुनका लागि जानकारी गराउँदछु।अन्तमा, यो निर्देशिका तयार पार्नु हुने राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक सहित संलग्न सवैलाई धन्यवाद दिन चाहन्छु ।

डा राजेन्द्र पन्त
महानिर्देशक
**महानिर्देशक**

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

# राष्ट्रिय क्षयरोग केन्द्र

ठिमी, भक्तपुर

फोन नं : ६६३०७०६
६६३००३३
फ्याक्स : ६६३५९८६

प.सं. ०७४/०७५
च.नं. १४६

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय क्षयरोग केन्द्र
ठिमी, भक्तपुर

## मन्तव्य

नेपाल सरकारले जन स्वास्थ्य समस्याको रुपमा रहेको क्षयरोगलाई सन २०५० मा नेपालबाट अन्त्य गर्ने लक्ष लिएको छ । नेपालमा एकातिर करीव १२ हजार क्षयरोगका विरामीहरु समुदायमा लुकेर बसेका छन भने अर्कोतिर पत्ता लागेका बिरामीहरु बीचैमा औषधि खान छोड्ने प्रवृत्तिका कारण क्षयरोग उपचारमा उपलब्ध औषधिहरु बाट क्षयरोगका विरामीमा प्रतिरोधी क्षमता बिकास भएबाट क्षयरोग अन्त्य गर्न थप चूनौतीपूर्ण भएको छ । यसरी समाजमा लुकेर बसेका क्षयरोगका बिरामीहरुलाई समयमै निदान गरी पूर्णरुपमा निको पार्न आ.व.२०७४/७५ को कार्यक्रम तथा बजेटमा स्वास्थ्य संस्था, उपचार केन्द्र , रेफर अस्पताल, क्षेत्रीय निर्देशनालय, तथा राष्ट्रिय क्षयरोग केन्द्रबाट सञ्चालन हुने गरी क्षयरोग नियन्त्रणका विभिन्न क्रियाकलाप समावेश गरिएको छ । कार्यक्रम तथा बजेटमा उल्लेखित कार्यक्रमहरुको प्रभावकारी सञ्चालनमा सहजीकरण गर्न कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ तयार गरिएको छ । यस निर्देशिकाको प्रयोगले कार्यक्रम सञ्चालनमा निर्देशित र सहजीकरण हुने विश्वास लिएकोले छु ।

अन्तमा, कार्यक्रम सञ्चालन निर्देशिका तयार योगदान गर्नुहुने योजना, अनुगमन मूल्याङ्कन तथा तथ्याकं शाखा प्रमुख (निर्देशक, रा.प द्वि) श्री अनिल थापा तथा संलग्न सम्पूर्ण टिमका सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

डा. केदार नरसिंह के.शी
निर्देशक

## कार्यक्रम सञ्चालनार्थ निर्देशनहरु:

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस निर्देशिकाको राम्ररी अध्ययन गर्न हुन ।

२. यस निर्देशिकामा उल्लेखित कुराहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने गराउन जिम्मेबारी सम्वन्धित कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका क्षेत्रीय क्षयकुष्ठ अधिकृतको हुने ।

३. आ.ब.२०७४/७५ को स्वीकृत कार्यक्रम तथा बजेट, खर्च गर्ने अख्तियारी तथा कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेखित बुँदा तथा नर्म्स अनुसार वार्षिक कार्ययोजना तयार गरी एक प्रति योजना अनुगमन तथा तथ्याङ्क शाखा र लेखा शाखालाई उपलब्ध गराउन हुन र एक प्रति राष्ट्रिय क्षयरोग केन्द्रमा पठाउन हुन ।

४. कार्यक्रम शुरु गर्नु पूर्व कार्यक्रम सञ्चालन प्रकृया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लेख गरी टिप्पणी र आदेश स्वीकृत पश्चात् कार्यक्रम सञ्चालन गर्न गराउन हुन । (नमूना अनुसूचि २ मा छ)

५. कार्यक्रम सम्पन्न भएपछि अनुसूची ४ अनुसारको प्रतिवेदन तयार गरी छिटो छरितो साधन (जस्तैः ईमेल) मार्फत अनिवार्य रुपमा राष्ट्रिय क्षयरोग केन्द्रलाई जानकारी गराउन हुन ।

६. वैदेशिक श्रोत (GFTAM, LHLI) बाट सञ्चालन हुने कार्यक्रमको हकमा सम्बन्धित श्रोतको फुकुवा पत्र प्राप्त भए पश्चात् मात्र कार्यक्रम सञ्चालन गर्न हुन ।

७. लेखापालन तथा बजेट नियन्त्रण प्रणाली (TABUCS) Software प्रयोग गरी कार्यक्रम खर्च लेख्दा राष्ट्रिय योजना आयोग अनुगमन मूल्यांकन फाराम नं २ (अनुसूची २) अनुसारको वित्तिय प्रगति स्वतः तयार हुने भएता पनि कार्यक्रमको भौतिक प्रगति Software मा प्रविष्ट गरे पश्चात् मात्र तयार हुने भएकोले योजना अनुगमन तथा सूचना शाखा र लेखा शाखा संग समन्वय गरी कार्यक्रम सम्पन्न पश्चात भौतिक प्रगति अनिवार्य रुपमा Software मा प्रविष्ट गर्न गराउने ।

८. लेखापालन तथा बजेट नियन्त्रण प्रणाली (TABUCS) Software प्रयोग नभएको क्षेत्रीय निर्देशनालयको हकमा चौमासिक भुक्तान भए लगत्तै (अर्को महिनाको १० गते भित्र) राष्ट्रिय योजना आयोग अनुगमन मूल्यांकन फाराम नं २ (अनुसूची २) अनुसारको प्रतिवेदन राष्ट्रिय क्षयरोग केन्द्रमा अनिवार्य रुपमा पठाउन हुन ।

९. कार्यक्रममा सहभागी मध्ये दैनिक भ्रमण खर्च नपाउने सहभागीहरुलाई दै.भ्र.भ.शिर्षकबाट यातायात खर्च र स्थानीय भत्ता दिने व्यवस्था गर्न हुन । (अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३, छैठौं संस्करण अनुसार)

१०.यस निर्देशिकामा उल्लेखित आर्थिक बाँडफाँड भन्दा आ.ब. २०७४/७५ को स्वीकृत वार्षिक बजेटमा बिनियोजित रकम घटि वा बढि भएमा बिनियोजित बजेटको परिधीमा रही बाँडफाँड गरी नियमानुसार कार्यक्रम संचालन गर्न हुन ।

११.क्षयरोग कार्यक्रम जिल्ला, क्षेत्र तथा अन्य कार्यालयको को स्वीकृत बार्षिक कार्यकम तथा बजेट र कार्यक्रम सञ्चालन निर्देशिका स्वास्थ्य मन्त्रालयको website www.mohp.gov.np वा www.pfmis.mohp.gov.np तथा क्षयरोग केन्द्रको वेभसाइट www.nepalntp.gov.np मा login गरी हेर्न र डाउनलोड गर्न सकिन्छ ।

# चालु कार्यक्रमहरु

**१. प्रदेशस्तरीय कल्चर ल्याबका लागी ल्याव कर्मचारीको निरन्तता**

| | |
|---|---|
| **उद्देश्य** | प्रदेशस्तरमा जटिल एवं बहुऔषधि प्रतिरोधि क्षयरोगको प्रभावकारी एवं सुलभ निदान एवं उपचार व्यवस्थापनका लागि कल्चर/डि.एस.टि सेवा संचालन गर्न |
| **न्युनतम शैक्षिक योग्यता** | **क) क्लिनिकल माईक्रोबाईलोजिष्टः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट बी.एस्सी एम एल टी/ बी.एम एल टी उतिर्ण गरी क्लिनिकल माईक्रोबाईलोजीमा (३ बर्षे) स्नातकोत्तर उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा विशिष्ट श्रेणीको निदान समूहमा दर्ता भएको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट एम.बी.बी.एस.उतिर्ण गरी क्लिनिकल माईक्रोबाईलोजीमा (३ बर्षे) स्नातकोत्तर उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनु पर्ने ।<br>**ख) मेडिकल माईक्रोबाईलोजिष्ट :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट बी.एस्सी एम एल टी/ बी.एम एल टी उतिर्ण गरी मेडिकल माईक्रोबाईलोजीमा (२ बर्षे) स्नातकोत्तर उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा कम्तिमा A class को निदान समूहमा दर्ता भएको हुनु पर्ने ।<br>**ग) मेडिकल ल्याव टेक्नोलोजिष्टः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट मे.ल्या.टे विषयमा स्नातक (बी.एस्सी एम एल टी/ बी.एम एल टी) उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा A class को निदान समूहमा दर्ता भएको हुनु पर्ने ।<br>**घ) ल्याव टेक्निसियनः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट मे.ल्या.टे विषयमा प्रविणता प्रमाणपत्र तह (सी.एम एल टी) उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा B class को निदान समूहमा दर्ता भएको हुनु पर्ने । |
| **छनौट प्रकृया** | • परामर्श सेवामा (सेवा करारमा) लिइने सम्पूर्ण पदको कार्यविवरण तयार गर्ने ।<br>• नेपाल सरकारको विद्यमान प्रशासनिक तथा आर्थिक ऐन तथा नियमावली अनुसारको प्रकृया अपनाई कर्मचारीहरु सेवा करारबाट छनौट गर्ने ।<br>• विषयगत कार्यमा कम्तिमा एक वर्षको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिने<br>• छनौट भएका कर्मचारीहरुसंग **अनुसूची ५** बमोजिमको ढाँचामा सम्झौता गर्ने ।<br>• छनौट भएका कर्मचारीहरुको कार्यसम्पादनको नियमित मुल्याङकन र अनुगमन गर्ने । |
| **पद संख्या एवं प्रकार** | **क्षेत्रिय क्षयरोग केन्द्र, पोखरा, एवं मध्य पश्चिम क्षेत्रिय अस्पताल, सुर्खेत**<br>• माइक्रोवायोलोजिष्ट (क्लिनिकल) १ जना<br>• माइक्रोवायोलोजिष्ट (मेडिकल) १ जना<br>• ल्याब टेक्नोलोजिष्ट १ जना<br>• ल्याव टेक्निसियन २ जना<br>**सेति अन्चल अस्पताल, कैलालि**<br>• माइक्रोवायोलोजिष्ट (क्लिनिकल/मेडिकल) १<br>• ल्याव टेक्नोलोजिष्ट १ जना |
| **आर्थिक बाँडफाँड** | • क्लिनिकल माईक्रोबाईलोजिष्ट सेवा करारका लागि प्रति व्यक्ति अधिकतम मासिक रु ७०,०००।, मेडिकल माईक्रोबाईलोजिष्ट सेवा करारका लागि प्रति व्यक्ति अधिकतम मासिक रु ६०,०००। मेडिकल ल्याव टेक्नोलोजिष्ट सेवा करारका लागि प्रति व्यक्ति अधिकतम मासिक रु ५०,०००। मेडिकल ल्याव टेक्निसियन सेवा करारका लागि प्रति व्यक्ति अधिकतम मासिक रु ३०,०००। |
| **अभिलेख/प्रतिवेदन** | • कर्मचारी छनौट गर्दा अपनाईएका प्रकृया विवरण, शैक्षिक योग्यताका प्रमाण पत्र, कार्यविवरण, सम्झौता विवरण आदि को प्रतिवेदन तयार गरी एक प्रति आर्थिक प्रशासन शाखा र एक प्रति क्षयकुष्ठ फाँट मा राख्ने । |

**२. प्रदेश गुणस्तर नियन्त्रण प्रयोगशालाका लागि कर्मचारी करार सेवा**

| | |
|---|---|
| **उद्देश्य** | क्षेत्रीय गुणस्तर नियन्त्रण प्रयोगशालामा खकार नमुना परीक्षणगर्न जनशक्तिको निरन्तर उपलब्धता सुनिश्चित गर्ने । |
| **संख्या** | ल्याब टेक्निसियन – १ जना  र  प्रयोगशाला सहयोगी (ल्याव ब्वाय) – १ जना |
| **न्युनतम शैक्षिक योग्यता** | **ल्याब टेक्निसियन** – ल्याब टेक्निसियन वा सो सरह कोर्ष उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परीषदमा Class B मा निदान समूहमा दर्ता भएको हुनु पर्ने ।<br>**प्रयोगशाला सहयोगी कर्मचारीः** एस.ई.ई. ⁄एस एल सी उत्तीर्ण ।<br>**पुनश्चः** विषयगत सेवामा अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिन सकिने । |
| **छनौट प्रकृया** | ● नेपाल सरकारको विद्यमान प्रशासनिक तथा आर्थिक ऐन तथा नियमावली अनुसारको प्रकृया अपनाई कर्मचारीहरु सेवा करारबाट छनौट गर्ने ।<br>● आबश्यक प्रक्रिया पुरा गरि छनौट भएका ल्याब टेक्निसियन र सहयोगी कर्मचारीसंग **अनुसुची ५** बमोजिमको ढाँचामा सम्झौता गरी कामकाजमा लगाउने ।<br>● छनौट भएका ल्याब टेक्निसियन र सहयोगी कर्मचारीको कार्यसम्पादन, मुल्याङकन र अनुगमन गर्ने । |
| **आर्थिक वाडफाड** | ● आ.ब.२०७४ ⁄७५ को बार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही मेडिकल ल्याव टेक्निसियन सेवा करारका लागि प्रति व्यक्ति अधिकतम मासिक रु ३०,०००। ( अवधि १२ महिना) र प्रयोगशाला सहयोगी सेवा करारका लागि प्रति व्यक्ति अधिकतम मासिक रु १५,०००। (अवधि १२ महिना) |
| **अभिलेख ⁄प्रतिवेदन** | ● ल्याव टेक्निसीयन तथा सहयोगी कर्मचारी छनौट गर्दा अपनाईएका प्रकृया विवरण, शैक्षिक योग्यताका प्रमाण पत्र, कार्यविवरण, सम्झौता विवरण आदि को प्रतिवेदन तयार गरी एक प्रति आर्थिक प्रशासन शाखामा राख्ने ।<br>● TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

**३. प्रदेशबाट  उपचार केन्द्रहरुमा अनुगमन गरी कार्यक्रमको मूल्यांकन गर्ने**

| | |
|---|---|
| **उद्देश्य** | ● क्षयरोग नियन्त्रण कार्यक्रमलाई बिरामी केन्द्रित, ब्यबस्थित र उपचारमुखी बनाउन स्वास्थ्यकर्मीहरुको कार्य क्षमता अभिबृद्धि गर्ने । |
| **संलग्न हुने कर्मचारी** | क्षेत्रीय निर्देशक, जन स्वास्थ्य प्रशासक ⁄अधिकृत, क्षेत्रीय क्षयकुष्ठ अधिकृत तथा क्षेत्रीय क्षयरोग गुणस्तर नियन्त्रण प्रयोगशालाका कर्मचारी |
| **मुल्यांकन गर्नु पर्ने संस्था** | सुपरिवेक्षण कार्य तालिका अनुसार |
| **सुपरिबेक्षण अवधि** | सुपरिवेक्षण कार्य तालिका अनुसार भ्रमण खर्च नियमावली २०७२ अनुसार |
| **सुपरिबेक्षण प्रकृया** | ● वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट, उपलब्ध जनशक्ति, जिल्लाहरुको भौगोलिक अवस्था राष्ट्रिय क्षयरोग कार्यक्रमको सुचकहरु अनुसार कम प्रगति भएका जिल्लाहरु समेतको विश्लेषण गरी सुपरिवेक्षण कार्ययोजना तयार गरी सो को एक प्रति राष्ट्रिय क्षयरोग केन्द्रमा अनिवार्य पठाउने ।<br>● राष्ट्रिय क्षयरोग कार्यक्रमले निर्दिष्ट गरेको सुपरिवेक्षण चेकलिष्टको प्रयोग अनिवार्य रुपमा गर्नु पर्ने छ ।<br>● सुपरिबेक्षणका क्रममा प्राप्त सुचनाहरुको समयमै अध्ययन ⁄बिश्लेषण गरि पृष्ठपोषण ( Feedback) सम्बन्धित निकायहरुमा पठाउन हुन । |
| **आर्थिक बाँडफाँड** | आ.ब २०७४ ⁄७५ को स्वीकृत कार्यक्रम तथा बजेटको परिधी भित्र रही भ्रमण खर्च नियमावली २०७२ अनुसार गर्न हुन । |
| **अभिलेख ⁄प्रतिवेदन** | ● **अनुसूची ४** अनुसारको ढाँचामा प्रतिवेदन तयार गरी क्षयकुष्ठ फाँटमा अभिलेख राख्ने र एक प्रति आर्थिक प्रशासन शाखा, एक प्रति योजना अनुगमन तथा तथ्यांक शाखा पेश गर्ने र ईमेल मार्फत राष्ट्रिय क्षयरोग केन्द्रमा पठाउन हुन व्यवस्था गर्न हुन ।<br>● TABUCS Software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

### ४. उपचार केन्द्र तथा उपकेन्द्रहरुलाई भैपरी आउने विभिन्न सामग्री तथा उपकरण उपलब्ध गराउने

| | |
|---|---|
| **उद्देश्य** | उपचार केन्द्र तथा उपकेन्द्रहरुलाई आवश्यक देखिएका सामाग्रि उपलव्ध गराई सेवाको गुणस्तर कायम गर्ने । |
| **कार्यसञ्चालन / कार्यान्वयन प्रकृया** | ● क्षेत्रिय स्वास्थ्य निर्देशनालय बाट कार्यक्रम अनुगमन गर्दा क्षयरोगको उपचार केन्द्र तथा उपकेन्दहरुमा आवश्यक देखिएका समाग्रिहरुको सुचि बनाई प्राथमिकताको आधारमा आवश्यक समाग्रि उपलव्ध गराउने ।<br>● उपलव्ध गराउन सकिने सामाग्रिमा फिल्टर, दराज, एक्जहस्ट फ्यान, फर्निचर इत्यादी डट्स सेन्टर तथा माईक्रोसकोपिक सेन्टरका कोठाको सामान्य मर्मत सम्भार जस्तै भेन्टिलेसन, स्ल्याप निर्माण आदि कार्य आवश्यकता र प्राथमिकिकरण अनुसारका कार्य गर्नु पर्ने छ । |
| **आर्थिक बाँडफाँड** | ● आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्ररही पहिचान भएका आवश्यकता अनुसारका समाग्रि तथा सम्वन्धित अन्य कार्यमा खर्च वाडफाँड गरि कार्य गर्ने । |

### ५. मेडिकल स्टोर बाट जिल्ला सम्म औषधि ढुवानी तथा कार्यक्रम सम्बन्धि सुपरिबेक्षण

| | |
|---|---|
| **उद्देश्य** | क्षेत्र/प्रदेश अर्न्तगतका क्षयरोग उपचार केन्द्र तथा उपकेन्द्र (डि.आर. क्षयरोग समेत) हरुमा क्षयरोगको औषधि, ल्याव सामाग्रि एवं कार्यक्रम संग सम्वन्धित अन्य सामाग्रिहरुको नियमित उपलव्धता एवं व्यवस्थापन हुने |
| **कार्यसञ्चालन / कार्यान्वयन प्रकृया** | ● क्षेत्रिय मेडिकल स्टोरबाट सम्विन्धित क्षेत्र अर्न्तगतका जिल्ला स्टोर, क्षयरोगका उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा ढुवानि गर्नुपर्ने औषधि, ल्याव सामाग्रि तथा अन्य कार्यक्रमसंग सम्वन्धित सामाग्रि ढुवानि गर्ने ।<br>● क्षयरोगका औषधि एवं अन्य सामाग्रिको भण्डारण, व्यवस्थापन उचित प्रकारले भए/ नभएको अनुगमन मुल्यांकन गर्न सम्वन्धित सरोकारवाला कर्मचारी स्थलगत भ्रमण गरि पृष्ठपोषण गर्ने<br>● अनुगमन पश्चात प्रतिवेदन तयार गरि जिल्ला, क्षेत्रमा अनिवार्य पृष्ठपोषण पठाउने र एक प्रति प्रतिवेदन रा.क्ष.के.र क्षे. स्वां.नि.मा पठाउने । |
| **आर्थिक बाँडफाँड** | ● आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिाधभित्ररही क्षयरोग कार्यक्रमका समाग्रि ढुवानि तथा स्थलगत अनुगमन गर्ने । |

### ६.कार्यक्रमको शिर्षक : डि.आर होम बन्दीपुरमा एमडिआरर/एक्सडिआर बिरामीको उपचारका लागी शशर्त अनुदान

| | |
|---|---|
| **उद्देश्य** | औषधि प्रतिरोधि क्षयरोग (DR TB) का विरामीहरुको उपचारको अवधि सम्म नियमित उपचार, उचित वसोवास तथा सन्तुलित भोजनको व्यवस्था गरी प्रभावकारी रुपमा रोग निको पार्ने । |
| **बिरामी क्षमता** | १५ जना |
| **अत्यावश्यक मापदण्ड** | **डि.आर होममा राख्नु पर्ने बिरामीहरु**<br>औषधि प्रतिरोधि क्षयरोग (DR TB) का उपचारका लागी राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत दर्ता भएका विरामीहरु । निम्न बमोजिमका विरामीहरुलाई बिशेष प्राथमिकता दिने ।<br>● औषधि प्रतिरोधि क्षयरोगका कारण नाजुक शारिरीक अबस्था भई बिशेष हेरचाह गर्नुपर्ने बिरामीहरु ।<br>● विरामीको हेरचाह उपचारमा सहयोग गर्न परिवारमा अन्य सदस्य नभएका बेसहारा विरामी ।<br>● उपचारका लागी बाहिरी जिल्लाबाट आएका र आर्थिक अबस्था कमजोर भएका, साथै घरबाट उपचारको लागि दैनिक आवत जावत गर्न नसक्ने विरामी ।<br>● इन्टेनसिप फेज अवधिको अन्तिम महिनाको खकारको कल्चर जाँचमा नेगेटिभ भएका विरामि घरपाइक उपचार केन्द्रमा जान चाहेमा होमबाट सम्वन्धित उपचार केन्द्रमा रेफर गरि पठाउने । |

| | |
|---|---|
| | **डि.आर होममा उपलव्ध गराउनु पर्ने सेवा**<br>● विरामीलाई उचित बासको व्यवस्था<br>● विरामीलाई दिनमा चार पटक चिकित्सकको सल्लाह बमोजिमको पोषिलो खाना- मुख्य खाना २ पटक, खाजा २ पटक उपलव्ध गराउनु पर्ने । साथै उपचारमा आवश्यक हुने विशेष थप खुराक जस्तो दहि, केरा आदि आवश्यकता अनुसार उपलव्ध गराउने ।<br>● विरामीलाई आवश्यक हेरचाह तथा सामान्य औषधोउपचारको व्यवस्था गराउने ।<br>● **डि.आर होममा बाटै उपचार केन्द्रका रुपमा विरामिको उपचार एव सोको अभिलेख राखि नियमित रुपमा जि.स्वा. का., क्षे.स्वा.नि, एवं रा.क्ष.के. मा आवधिक प्रतिवेदन उपलव्ध गराउने** |
| **अपेक्षित उपलब्धि** | ● औषधि प्रतिरोध क्षयरोग (DR TB) को निको हुने दरमा बृद्धि हुने र मृत्यु दर घट्ने । |
| **आर्थिक बाँडफाँड** | ● अनुसुचि ७ अनुसार खर्च गर्ने । विभिन्न शिर्षकमा वर्गिकरण गरिएको रकम बचत भएमा आवश्यकता पुष्टि हुने अन्य शिर्षक एवं दिइएका आन्तिरिक शिर्षकमा खर्च गर्न सकिने । |

**७. जिन एक्स्पर्ट मसिनको कार्य संचालन तथा मर्मत खर्च**

| | |
|---|---|
| **उद्देश्य** | जिन एक्सपर्ट सेन्टर नियमितरुपमा संचालन भै विरामिको रोग निदान एवं उपचार व्यवस्थापन सहज हुने । |
| **कार्यसञ्चालन / कार्यान्वयन प्रकृया** | ● क्षेत्रिय स्वास्थ्य निर्देशनाल अर्न्तगतका स्वास्थ्य संस्थमा संचालनमा रहेका जिन एक्सपर्ट मशिनको कार्य संचालन नियमित गराउन आवश्यक हुने सवै प्रकारका सामाग्री स्थलगत अनुगमन पश्चात आवश्यक देखिएमा सोहि अनुसार उपलव्ध गराउने ।<br>● उपलव्ध गराउन सकिने समाग्रिमा जिन एक्सपर्ट संचालनका लागि आवश्यक पावर व्याकअप जस्तो इन्भर्टर, व्याट्रि, सोलार प्यानेल आदिको मर्मत सम्भार तथा परिवर्तन ।<br>● जिन एक्सपर्ट मशिनमा प्रयोग हुने कम्पयुटर, प्रिन्टर, एयर कन्डिसन, ईन्टरनेट डिभाइस, अटोक्लेभ, भोर्टेक्स आदिको मर्मत एवं परिवर्तन ।<br>● जिन एक्सपर्ट सेन्टरमा आवश्यक हुने फर्निचर, दराज, र्‍याक आदिको मर्मत तथा परिवर्तन ।<br>● माथि उल्लेख भएका सामाग्री वाहेक जिन एक्सपर्ट सेन्टरमा आवश्यक हुने माग वमोजिमका अन्य सवै सामाग्री खरिद तथा मर्मत सम्भार गर्ने । |
| **आर्थिक बाँडफाँड** | ● आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिाधभित्ररही पहिचान भएका आवश्यकता अनुसारका समाग्रि तथा सम्वन्धित अन्य कार्यमा खर्च वाडफाँड गरि कार्य गर्ने । |

**८. प्रयोगशाला कर्मचारीहरुलाई एल.क्यु.ए.एस. तालिम**

| | |
|---|---|
| **उद्देश्य** | प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई खकार जाँचसंग सम्बन्धित External Quality Assurance अन्तरगत Lot Quality assurance System (LQAS ) सम्वन्धि ज्ञान र शिप अभिबृद्धि गर्ने । |
| **सहभागीहरु** | Microscopy Center मा काम गर्ने प्रयोगशाला कर्मचारी तथा क्षयकुष्ठ अधिकृत |
| **सहभागी संख्या** | १५-२० जना |
| **श्रोत ब्यक्ति** | क्षेत्रीय निर्देशक, प्रयोगशाला प्रमुख, क्षेत्रीय क्षय/कुष्ठ अधिकृत |
| **सहजकर्ता** | माईक्रोबायोलोजिष्ट, ल्याव टेक्नोलोजिष्ट/ल्याव टेक्निसियन, ल्याव असिस्टेन्ट |
| **तालिम अवधि** | ३ दिन |
| **कार्यक्रम तयारी** | ● कार्यकमको लागि सहभागिहरुको सूची तयार गर्ने र सम्वन्धित ठाउमा पत्राचार गर्ने ।<br>● बजेटको तयारी गर्ने ।<br>● तालिमको कार्ययोजना बनाउने र एक प्रति राष्ट्रिय क्षयरोग केन्द्रको तालिम शाखामा पठाउने ।<br>● तालिमका लागी आबश्यक पर्ने तालिम सामग्रीको ब्यबस्थापन गर्ने । |

| | |
|---|---|
| **विषयवस्तु** | • प्रयोगशाला कर्मचारीहरुलाई Lot Quality Assurance Sampling तालिम निर्देशिका अनुसार |
| **विधि** | • प्रयोगशाला कर्मचारीहरुलाई Lot Quality Assurance Sampling तालिम निर्देशिका अनुसार |
| **सन्दर्भ सामाग्रीहरु** | • TB Microscopy Manual / Modules I/II/III<br>• Infection control guidelines/ Waste management guidelines<br>• Algorithm of GeneXpert<br>• LQAS Sampling table |
| **आर्थिक बाँडफाँड** | • आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिाधभित्ररही अनुसूची १ अनुसार |
| **अभिलेख/प्रतिवेदन** | • कार्यक्रम सम्पन्न भए पश्चात **अनुसूची** ४ अनुसारको ढाँचामा विवरण तयार गरी इमेल मार्फत राष्ट्रिय क्षयरोग केन्द्रमा पठाउन हुन र एक प्रति आर्थिक प्रशासन शाखा, एक प्रति योजना अनुगमन तथा तथ्यांक शाखा मा पेश गर्ने र एक प्रति क्षयकुष्ठ फाँटमा अभिलेख राख्न हुन ।<br>• TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

## ९. आधारभुत जेड.एन. माईक्रोस्कोपी तालिम

| | |
|---|---|
| **उद्देश्य** | प्रयोगशालामा कार्यरत कर्मचारीहरुको गुणस्तरीय खकार परीक्षण सम्वन्धि ज्ञान र सीप अभिबृद्धि गर्ने । |
| **सहभागीहरु** | Microscopy Center मा काम गर्ने प्रयोगशाला कर्मचारी |
| **सहभागी संख्या** | ८ - १० जना |
| **श्रोत ब्यक्ति** | क्षेत्रीय निर्देशक, प्रयोगशाला प्रमुख, क्षेत्रीय क्षय/कुष्ठ अधिकृत |
| **सहजकर्ता** | माईक्रोबायोलोजिष्ट, ल्याव टेक्नोलोजिष्ट/ल्याव टेक्निसियन, ल्याव असिस्टेन्ट |
| **तालिम अवधि** | ६ दिन |
| **कार्यसञ्चालन / कार्यान्वयन प्रकृया** | • तालिममा सकभर एक सहभागीलाई एक माईक्रोस्कोप उपलब्ध गराउने, अबस्था हेरी दुई जना सम्मले एक माईक्रोस्कोप प्रयोग गर्ने ।<br>• तालिम सञ्चालन हुने प्रयोगशालमा पानी, बिजुली लगायत तालिमका लागी आबश्यक पर्ने अन्य सामाग्रीहरु व्यवस्थापन गर्ने ।<br>• संलग्न वजेट बाँडफाँडको आधारमा सहजकर्ता, सहभागी तथा श्रोत ब्यक्तिको छनोट गर्ने । |
| **आवश्यक तयारी** | • कार्यकमको लागि सहभागिहरुको सूचि तयार गर्ने र सम्वन्धित संस्थालाई पत्राचार गर्ने ।<br>• बजेटको तयारी गर्ने ।<br>• तालिमको कार्ययोजना बनाउने र एक प्रति राष्ट्रिय क्षयरोग केन्द्रको तालिम शाखामा पठाउने ।<br>• तालिमका लागी आबश्यक पर्ने तालिम सामग्रीको ब्यबस्थापन गर्ने । |
| **तालिमका विषयवस्तु** | • आधारभुत जेड एन माईक्रोस्कोपीक तालिम निर्देशिका अनुसार |
| **विधि** | • आधारभुत जेड एन माईक्रोस्कोपीक तालिम निर्देशिका अनुसार |
| **सन्दर्भ सामाग्रीहरु** | • आधारभुत जेड एन माईक्रोस्कोपीक तालिम निर्देशिका अनुसार |
| **आर्थिक बाँडफाँड** | • आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिाधभित्ररही अनुसूची १ अनुसार |
| **अभिलेख/प्रतिवेदन** | • तालिम सम्पन्न भए पश्चात **अनुसूची** ४ अनुसारको ढाँचामा विवरण तयार गरी क्षयकुष्ठ फाटमा अभिलेख राख्ने तथा एक प्रति आर्थिक प्रशासन शाखा, एक प्रति योजना अनुगमन तथा तथ्यांक शाखा पेश गर्ने र ईमेल मार्फत राष्ट्रिय क्षयरोग केन्द्रमा पठाउने ।<br>• TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

**१०.कार्यक्रमको शिर्षक : क्षेत्रमा विश्व क्षयरोग दिवस मनाउने**

| | |
|---|---|
| **उद्देश्य** | राजनीतिज्ञ, समाज सेवि,बुद्धिजीवि,नीति निर्माताहरु तथा विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तित्वहरुलाई क्षयरोग नियन्त्रणमा उनिहरुको प्रतिबद्धता लिने तथा पैरवीको लागि परिचालन गर्ने । |
| **सहभागीहरु** | राजनीतिज्ञ,समाजसेवी,वुद्धिजीवि,समुदायका नेतृत्व तहका व्यक्ति,नीति निर्माता,पत्रकार,कार्यालय प्रमुखहरु तथा अन्य नागरीकहरु |
| **सहभागी संख्या** | कार्यक्रमको आधारमा निर्धारित गर्ने |
| **सहजकर्ता** | क्षेत्रिय निर्देशक, क्षेत्रिय क्षयकुष्ठ अधिकृत, मे सु तथा विषय विषेशज्ञहरु |
| **कार्यक्रम अवधि** | कार्यक्रमको कार्यतालिकामा आवश्यकता अनुसार निर्धारण गर्ने । |
| **कार्यक्रमपूर्व गर्नु पर्ने तयारीहरु** | ● क्षेत्रिय स्वास्थ्य निर्देशकको अध्यक्षतामा सरकारी तथा गैरसरकारी निकाय सम्मिलित क्षेत्रिय स्तरको संयोजन समिति गठन गर्ने ।<br>● समितिको वैठकमा उपलब्ध श्रोतहरु छलफल गरी सोहि अनुसार कार्य योजना बनाई सोहि अनुसार कार्यान्वयन गर्ने ।<br>● अतिथिहरुलाई निमन्त्रणा र सहभागीहरुको आवश्यक व्यवस्थापन, कार्यक्रम स्थल छनौट तथा व्यवस्थापन<br>● सामाग्रीहरुको व्यवस्थापन |
| **संचालन गर्न सकिने सम्भावित कार्यक्रमहरु** | ● शिक्षा, सूचना र सञ्चारका सामाग्रीहरुको प्रदर्शनी तथा वितरण<br>● क्षयरोग चेतनामुलक सांस्कृतिक कार्यक्रम, बादविवाद, हाजिरी जवाफ, ¥याली आदि ।<br>● स्थानिय रेडियो र टेलिभिजन तथा स्थानिय अन्य संचार माध्यम मार्फत क्षयरोग बारे सन्देश प्रवाह गर्ने ।<br>● पत्रकार अन्तरक्रिया, अन्तरसंवाद |
| **सामाग्रीको विकास** | ● आवश्यकता अनुसारका सामाग्रीहरु तयार पार्ने । |
| **अपेक्षित उपलब्धि** | ● नीति निर्माता तथा राजनीतिज्ञहरुको क्षयरोग नियन्त्रण कार्यक्रममा प्रतिबद्धता बढ्ने ।<br>● समुदायमा क्षयरोग प्रतिरहेको नकारात्मक धारणामा कमी आउने । |
| **आर्थिक बाँडफाँड** | ● उपलव्ध बजेट आवश्यकता अनुसारका विभिन्न शिर्षकमा बाँडफाँड गरि खर्च गर्ने । |

**११.कार्यक्रमको शिर्षक : डि.आर. बिरामीको आय आर्जन सम्बन्धी कार्यक्रम**

| | |
|---|---|
| **उद्देश्य** | औषधि प्रतिरोधि क्षयरोग (DR TB) का विरामीहरुको उपचार अवधिमा जिवन निर्वाह सम्वन्धि शिपको विकास गरि समुदायमा स्थापित गराउन । |
| **तालिममा सहभागि संख्या** | १५ जना |
| **अत्यावश्यक मापदण्ड** | **तालिममा सहभागि हुने बिरामीहरु**<br>औषधि प्रतिरोधि क्षयरोग (DR TB) का उपचारका लागी राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत दर्ता भई उपचारको continuation phase मा रहेका र खकारको कल्चर नतिजा नेगेटिभ भएका विरामीहरु ।<br>निम्न बमोजिमका विरामीहरुलाई बिशेष प्राथमिकता दिने ।<br>● तालिम लिन इच्छुक र शारिरिक रुपमा सक्षम ।<br>● आर्थिक अवस्था कमजोर भएका र परिवारमा अभिभावकत्वको जिम्मेवारी भएका<br>● परिवारमा अन्य सदस्य नभएका बेसहारा विरामी ।<br>तालिम पश्चात स्वरोजगार गर्न इच्छुकसम्भव भएसम्म विरामिको रुचि अनुसार तालिम समुह निर्माण गरि तालिम संचालन गर्ने ।<br>तालिम दिने संस्था जस्तो साना घरेलु उद्योग, अन्य सरकारी/गैह्र सरकारी वा निजि तालिम केन्द्रहरुको सहकार्यमा डि.आर क्षयरोगको उपचार केन्द्र विशेष गरेर टि.बि. रेफरल सेन्टर भएका |

| | |
|---|---|
| | स्थानमा अन्य उपचार केन्द्र तथा उप केन्द्रका विरामिलाई समेत समेटि तालिम दिने ।<br>तालिमका लागि होस्टेलको व्यवस्था भएका उपचार केन्द्र वा रेफरल सेन्टरमा विरामिको बास तथा खानाको व्यवस्था मिलाउने र सो वापत लाग्ने न्युनतम गासबासको रकम उपलव्ध गराउने |
| **तालिमका विषय वस्तु** | **स्वरोजगार सम्वन्धि तालिम**<br>● पशुपालन- गाई, वंगुर, कुखरा, हाँस, माछा, मौरी आदि<br>● नगदे वालि- अदुवा, अलैचि, च्याँउ, अमरिसो, तरकारी, फलफुल खेती आदि<br>● कम्प्युटर, मोवाइल, घडि, टेलिभिजन, सवारी साधन मर्मत तथा संचालन<br><br>अन्य तालिम<br>● सिलाई बुनाई- कपडा, व्याग आदि, मैन बत्ति तयारी, सवारी चालक, कम्प्युटर आदि |
| **अपेक्षित उपलब्धि** | ● आर्थिक रुपमा स्वनिर्भर बनि समाजमा सम्मानजनक स्थापित हुने । |
| **आर्थिक बाँडफाँड** | ● सम्वन्धित शिर्षकमा उपलव्ध बजेटको परिधि भित्र रहि तालिम अनुसारको बजेट विभाजन गरि खर्च गर्ने । |

## १२. प्रदेश स्तरीय चौमासिक योजना तर्जुमा तथा समिक्षा कार्यक्रम

| | |
|---|---|
| **उद्देश्य** | ● क्षयरोग तथ्याङ्क बिश्लेषण विवेचना गर्ने ।<br>● कार्यक्रम संचालन गर्दा आई परेका समस्या पहिचान गरी समाधानका उपायको खोजी गर्ने । |
| **सहभागीहरु** | जिल्ला क्षयकुष्ठ अधिकृत, क्षेत्रीय प्रयोगशाला गुणस्तर नियन्त्रण केन्द्रका ल्या.टे./ल्या.अ. र सम्वन्धित जिल्ला क्षेत्रमा काम गर्ने गैर सरकारी संघसंस्थाका जिम्वेवार अधिकारी । |
| **सहभागी संख्या** | २५-३५ जना |
| **श्रोत व्यक्ति** | क्षेत्रीय निर्देशक, राष्ट्रिय क्षयरोग केन्द्रका प्रतिनिधि |
| **सहजकर्ता** | वरिष्ठ जन स्वास्थ्य प्रशासक, क्षेत्रीय क्षयकुष्ठ अधिकृत, तथ्यांक अधिकृत, क्षेत्रीय प्रयोगशाला प्रमुख |
| **कार्यक्रम अवधि** | २ दिन |
| **कार्यान्वयनको लागि अत्यावश्यक मापदण्ड** | ● क्षेत्र अन्तरगतका सवै जिल्लाहरुका क्षयकुष्ठ अधिकृत/सुपरिबेक्षक, गुणस्तर नियन्त्रण केन्द्रका प्रयोगशालामा कर्मचारी र क्षयरोग नियन्त्रण कार्यमा संलग्न संघ संस्थाका जिम्मेवार अधिकारीहरुलाई सहभागी गराउने ।<br>● जिल्लावाट क्षयकुष्ठ अधिकृत आउन नसकेमा सो कार्यक्रम हेर्ने व्यक्ति वा तथ्यांक अधिकृत मात्र सहभागी हुने ।<br>● स्वास्थ्य ब्यबस्थापन सुचना प्रणाली (HMIS)को अभिलेख प्रतिबेदनको आधारमा कोहर्ट बिश्लेषण भए बमोजिम नै समिक्षा गर्ने ब्यबस्था मिलाउने । |
| **गोष्ठिपूर्व गर्नु पर्ने तयारीहरु** | ● गोष्ठीको कार्य योजना र कार्य तालिका वनाउने र एक प्रति राष्ट्रिय क्षयरोग केन्द्रको योजना, अनुगमन तथा मूल्यांकन शाखामा पठाउने ।<br>● गोष्ठीमा प्रस्तुतीकरणको लागि राष्ट्रिय क्षयरोग केन्द्रले उपलब्ध गराएको प्रस्तुतिकरणको ढाँचा सम्बन्धित सहभागीलाई पठाउने ।<br>● सहभागीहरु र वाहय श्रोत व्यक्ति भए पत्राचार गर्ने<br>● आवश्यक फारमहरु तथा सामाग्रिहरु तयार गर्ने तथा समयमै पत्राचार गर्ने<br>● विगतका चौमासिकहरुका गोष्ठीमा औल्याईएका समस्याहरुको समाधान सहितको प्रस्तुतिकरणको तयारी गर्ने |

| | |
|---|---|
| **कार्य सञ्चालन /कार्यान्वयन प्रकृया** | ● राष्ट्रिय क्षयरोग कार्यक्रमको नीति रणनीतिहरुमा भएका परिमार्जन बारे जानकारी गराउने ।<br>● राष्ट्रिय क्षयरोग कार्यक्रमले लक्ष्य तोकेका कार्यक्रमहरु ( DRTB समेतको) निर्दिष्ट सूचकांकहरुमा आधारित सम्पन्न भए नभएको जिल्ला अनुसार प्रस्तुतिकरण गर्न लगाई लेखाजोखा गर्ने, अभिलेख राख्ने<br>● आपूर्ति तथा लेखासंग सम्वन्धित समस्या पहिचान तथा विश्लेषण गर्ने र अभिलेख राख्ने ।<br>● जिल्लामा चौमासिक अवधिमा क्षयरोगको निदानका लागि ल्याव परिक्षण कार्य (जिन एक्सपर्ट समेत) को मुल्यांकन, चुनौति र समाधानमा गरिएका कार्यको विश्लेषण र यि कार्यको क्यु.सि. सम्वन्धि कार्यको लेखाजोखा गर्ने ।<br>● कार्यक्रम सञ्चालनमा आइपरेका समस्या तथा चुनौतिहरुको समाधानका उपाय खोज्ने ।<br>● उत्कृष्ट कार्यसम्पादन गर्ने जिल्लाको अनुभव आदान प्रदान गर्ने ।<br>● आगामी चौमासिक कार्ययोजना वनाउने । |
| **विधि** | समुह छलफल, प्रस्तुतिकरण, निर्णय सम्पादन |
| **आर्थिक बाँडफाँड** | ● आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिाधभित्ररही अनुसूची १ अनुसार |
| **अभिलेख/प्रतिवेदन** | ● समीक्षा सम्पन्न भए पश्चात **अनुसूची ४** अनुसारको ढाँचामा विवरण तयार गरी क्षयकुष्ठ फाँटमा अभिलेख राख्ने तथा एक प्रति आर्थिक प्रशासन शाखा, एक प्रति योजना अनुगमन तथा मूल्यांकन शाखामा पेश गर्ने र ईमेल मार्फत राष्ट्रिय क्षयरोग केन्द्रमा पठाउने ।<br>● TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

## १३. प्रदेशस्तरमा डि.आर.उपचार केन्द्रस्तर उपचार मुल्यांकन समिक्षा गोष्ठी

| | |
|---|---|
| **उद्देश्य** | ● डि.आर.उपचार केन्द्र स्तरमा औषधि प्रतिरोधी क्षयरोगका विरामीहरुको तथ्याङ्क बिश्लेषण गर्ने,<br>● रोग निदान तथा उपचार व्यवस्थापनमा आई परेका समस्याहरु पहिचान गरी समाधानका उपायको खोजि गर्ने । |
| **श्रोत व्यक्ति** | क्षेत्रीय निर्देशक, |
| **सहजकर्ता** | क्षेत्रीय क्षय कुष्ठ अधिकृत, राष्ट्रिय क्षयरोग केन्द्रका प्रतिनिधि, क्षेत्रीय क्षयरोग केन्द्रका प्रतिनिधि र क्षेत्रीय कल्चर ल्यावका प्रतिनिधि |
| **सहभागीहरु** | जिल्ला क्षयकुष्ठ अधिकृत, डि.आर.सेन्टर/सब सेन्टरका फोकल पर्सन, उपचार केन्द्रमा रहेको प्रयोगशाला कर्मचारी, क्षेत्रीय मेडिकल स्टोरका प्रतिनिधि र सरोकारवाला संघसंस्थाका प्रतिनिधि । |
| **सहभागी संख्या** | २५-३० जना |
| **कार्यक्रम अवधि** | १ दिन |
| **कार्यान्वयनको लागि अत्यावश्यक मापदण्ड** | ● प्रदेश स्तरीय चौमासिक योजना तर्जुमा तथा समिक्षा कार्यक्रम संगै पहिलो दिन यो गोष्ठी संचालन गर्ने व्यवस्था मिलाउने ।<br>● बिगत चौमासिक अबधिमा DR TB बिरामीका उपचार कार्ड, रजिष्टर र अन्य अभिलेख प्रतिबेदन अद्याबधिक गरि राष्ट्रिय क्षयरोग कार्यक्रमले तोकेका निर्दिष्ट सूचकांकहरुमा आधारित ढाँचामा प्रस्तुस्तिकरण तयार गरि समिक्षा गोष्ठि संचालन गर्ने ब्यबस्था मिलाउने ।<br>● बिगत चौमासिकमा पत्ता लागेका DR TB बिरामीको आधारमा आबश्यक पर्ने औषधिको लेखाजोखा गरि माग फाराम संकलन गर्ने ब्यबस्था मिलाउने ।<br>● बिगतमा औल्याइएका समस्या तथा चुनौतीहरु समाधानका लागी गरिएका पहलहरुको समीक्षा गर्नुका साथै परिबर्तित बिषयबस्तुहरुको समेत प्रस्तुती गर्ने ब्यबस्था मिलाउने । |
| **विधि** | प्रस्तुतीकरण, समुह छलफल तथा निर्णय अभिलेखिकरण |
| **आर्थिक बाँडफाँड** | ● आ.ब.२०७४/७५ को बार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही अनुसूची १ अनुसार |

| | |
|---|---|
| **अभिलेख/प्रतिवेदन** | • समीक्षा सम्पन्न भए पश्चात **अनुसूची ४** अनुसारको ढाँचामा विवरण तयार गरी क्षयकुष्ठ फाँटमा अभिलेख राख्ने तथा एक प्रति आर्थिक प्रशासन शाखा, एक प्रति योजना अनुगमन तथा तथ्यांक शाखा पेश गर्ने र ईमेल मार्फत राष्ट्रिय क्षयरोग केन्द्रमा पठाउने ।<br>• TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

**१४.प्रदेश कल्चर ल्याबका लागी आवश्यक कार्यालय संचालन खर्च एबं जिल्लाहरुबाट खकार नमुना ल्याई परीक्षण गर्न कुरियर सेवा लिने**

| | |
|---|---|
| **उद्देश्य** | • समयमै खकार परीक्षण गरी क्षयरोगका विरामी पत्ता लाग्ने र औषधी प्रतिरोधी क्षयरोगका बिरामी पत्ता लगाउने ।<br>• क्षेत्रीय कल्चर ल्याब संचालन गर्न आबश्यक कार्यालय संचालन सामाग्री उपलब्ध हुने ।<br>• बिभिन्न जिल्लाहरुबाट कल्चरका लागी प्रदेश कल्चर ल्यावमा पठाईएका खकार नमुना ढुवानी गर्न सहजता हुने । |
| **कार्यक्रम सञ्चालन /कार्यान्वयन प्रकृया** | • सार्बजानिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) अनुसार **अनुसूची ६ (क)** अनुसारका सामग्री आपूर्तिहेतु तथा जिल्लाहरुबाट खकार नमुना ढुवानी गरी ल्याउन सम्बन्धित संस्थालाई सुचिकृत हुन आव्हान गर्ने ।<br>• **अनुसूची ६ (क)** अनुसारको सामग्रीहरु आपूर्ति गर्न न्युन आर्थिक प्रस्ताव पेश गर्ने सुचीकृत संस्थाहरुबाट कार्यालय संचालन सामग्रीहरु खरिद गर्ने ।<br>• सुचिकृत संस्थाबाट खकार नमुना कुरीयर गर्न न्युनतम दररेट पेश गर्ने कुरीयर सेवा प्रवाह गर्ने संस्था वा कम्पनी छनौट गर्ने ।<br>• कल्चर ल्याबका लागी खकार नमुना कुरीयर गर्न छनौट भएको संस्था वा कम्पनीसंग अटुट रुपमा सेवा संचालन हुने सुनिश्चित गरि सम्झौता गर्ने । |
| **आर्थिक बाँडफाँड** | • बार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र रही स्पुटम खकार कुरियर सेवा लिंदा प्रादेशिक कल्चर डि.एस.टि. ल्याव सम्म प्रति खकार नमूना अधिकतम हिमाली जिल्लाको हकमा रु.५००/-, पहाडी जिल्लाको हकमा रु.३००/- र तराईका जिल्लाको हकमा रु.२५०/- खर्च गर्न सकिने छ । कार्यालय संचालन खर्चको हकमा सार्बजानिक खरिद ऐन, २०६३ र सर्वाजनिक खरिद नियमावली, २०६४ अनुसार अनुसूची ६ (क) मा उल्लेखित सामग्रीहरुको व्यवस्थपन गर्ने । |
| **अभिलेख/प्रतिवेदन** | • कुरियर सेवा करारमा लिदा अपनाईएका प्रकृया, संस्थासंग भएको सम्झौता, र संस्थाको नाम ठेगाना सहितको विवरण क्षयकुष्ठ फाँटमा अभिलेख राख्ने<br>• प्रादेशिक कल्चर ल्याबका लागी खरिद भएका **अनुसूची ६ (क)** अनुसारको कार्यालय संचालन सामग्रीहरु भण्डारमा दखिला गर्ने र सामग्री खरिद गर्न अपनाईएको प्रकृया, खरिद गरिएका सामग्रीहरुको विवरण तथा खर्चसहितको विवरण अभिलेख राख्ने ।<br>• TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

**१५.प्रदेश गुणस्तर नियन्त्रण प्रयोगशालाहरुलाई कार्यालय संचालन खर्च**

| | |
|---|---|
| **उद्देश्य** | क्षेत्रीय गुणस्तर नियन्त्रण प्रयोगशालाहरुमा खकार नमुना प्रिक्षण गर्न आबश्यक कार्यक्रम / कार्यालय संचालन सामाग्री नियमित आपुर्ति भई परीक्षण कार्यमा सहजता आउने । |
| **कार्यकम संचालन/कार्यान्वयन प्रकृया** | • कार्यकम संचालनगर्न आवश्यक सामाग्रि जस्तौ डिस्टिल वाटर, केमिकल आपुर्ति गर्ने जर्किन आदिको सुचि बनाउने र सोहि अुनसार आवश्यकाता हेरी खरिद गर्ने<br>• कार्यकम संचालन गर्न आवश्यक पर्ने स्टेशनरी, कागजपत्र, फर्म फरमेट प्रिन्टिङ आदि शिर्षकमा आवश्यकता अनुसार खर्च गर्ने ।<br>• कार्यकम प्रयोजनमा रहेका समान उपकरण मर्मत तथा सम्भार एवं संचार, ईन्टरनेट खर्च ।<br>**कार्यकम संचालनका लागि आवश्यक अन्य सामाग्री अनुसुचि ६ अनुसार खर्च गर्ने ।** |
| **आर्थिक बाँडफाँड** | • प्रचलित आर्थिक ऐन नियम अनुसार । |

| | |
|---|---|
| **अभिलेख ⁄ प्रतिवेदन** | ● क्षेत्रीय गुणस्तर नियन्त्रण प्रयोगशालाका लागी खरिद भएका **अनुसूची ६ (ख)**अनुसारको सामग्रीहरु भण्डारमा दखिला गर्ने र सामग्री खरिद गर्न अपनाईएको प्रकृया, खरिद गरिएका सामग्रीहरुको विवरण तथा खर्चसहितको विवरण अभिलेख राख्ने ।<br>● TABUCS software मा भौतिक प्रगति प्रविष्ट गर्ने । |

**१६. जीन एक्सपर्ट परीक्षण व्यवस्थापन खर्च**

| | |
|---|---|
| **उद्देश्य** | ● क्षयरोग तथा औषधी प्रतिरोध क्षमता विकास भएका क्षयरोग विरामी समयमै पत्ता लगाउन जीन एक्सपर्टबाट खकार परीक्षणगरी क्षयरोग निदान सेवालाई प्रभावकारी बनाउने । |
